# जिल्ला समन्वय समितिको कार्यालय
**नेपालगञ्ज, बाँके**
**५ नं. प्रदेश, नेपाल**

## नदिजन्य पदार्थ उत्खनन गरी बक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०७४/०४/११ गते)**

नेपाल सरकार (सचिव स्तर) को मिति २०७४/०१/१९ को निर्णय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रमलय, वातावरण व्यवस्थापन शाखाको आ.व. ०७३/०७४ च.नं. २०५ मिति २०७४/०१/१९को परिपत्र बमोजिम यस बाँके जिल्ला समन्वय समितिले तोकिएको नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ निकाली जिससले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७३/७४ को करचुक्ता प्रमाणपत्र (प्राप्त नभएको भए आ.व.०७२/७३ को) र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल वमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिट) | | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ. कर वाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/०७४-७५ | ढुङ्गा, गिट्टी, मोरङ र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरण | ढुंगा | १०,८२,१६१.९८ | ७,३९,३४,१७८.४९ | कवोल अङ्कको ५% | ५००० |
| | | | गिट्टी,ग्राभेल,मोरङ | ५२,३२,०८३.६३ | | | |
| | | | वालुवा,मिक्स वालुवा | २६,५३,५५०.०४ | | | |

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७३/७४ को करचुक्ता प्रमाणपत्र (प्राप्त नभएको भए आ.व.०७२/७३ को) को प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगदि रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै Electronically बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको नगदि रसिदलाई बोलपत्र कागजात साथ upload गर्नुपर्नेछ। ३० औं दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ

२. वोलपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खातामा (हाल खाता खोल्ने प्रकृयामा रहेकोले खाता नं. पछि सूचित गरिने) जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७(५) वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी पचहत्तर दिनको म्याद सहित जारी गरिएको विड वण्ड शिलवन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा hard copy वा electronically दर्ता गर्न सकिने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २ वजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ।

६. Pre Bid बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको २:०० बजे जिससको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ।

७. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ।

८. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

९. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अंकको प्रथम किस्तावापत ५० प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्तावापत ५० प्रतिशत ले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७५ साल श्रावणमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ साथै अग्रिमरुपमा एकमुष्ट कवोल अंक दाखिला गरेमा कवोल अंकको १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ। साथै ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन

आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर ठेकेदारले छुट्टै बुझाउनु पर्नेछ ।

११. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ

१२. यस जिल्लाका नदि तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, बाँके जिल्लाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, सङ्कलन तथा घाटगद्दी सम्बन्धी कार्यविधि-२०७१, साथै यस कार्यालय र जिल्ला वन कार्यालय बाँकेबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website:www.ddcbanke.gov.np मा समेत हेर्न सकिनेछ ।)

स्थानीय विकास अधिकारी
जिल्ला सान्वय समितिको कार्यालय, बाँके